# नेपाल विद्युत प्राधिकरण

## प्रशासन सेवा, प्रशासन समूह, प्रशासन उपसमूह, तह–४, सिनियर मिटर रिडर/कार्यालय सहायक पदको

## खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

१. लिखित परीक्षाको विषय, पूर्णाङ्क, परीक्षा प्रणाली, प्रश्नसंख्या, अंकभार र समय निम्नानुसार हुनेछ ।

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत वहु बैकल्पिक प्रश्न | सामान्यज्ञान | २५ | २ | १ घण्टा |
| | | | | | बौद्धिक परीक्षण | १० | २ | |
| | | | | | सामान्य गणित | १० | २ | |
| | | | | | कम्प्युटर सम्बन्धि ज्ञान | ५ | २ | |
| द्वितीय | सेवा सम्वन्धी | १०० | ४० | विषयगत प्रश्न | छोटो उत्तर आउने प्रश्न | ८ | ५ | ३ घण्टा |
| | | | | | लामो उत्तर आउने प्रश्न | ६ | १० | |

२. बस्तुगत प्रश्नमा प्रत्येक प्रश्नका चार वटा सम्भाव्य उत्तर दिइने छ । जस मध्ये एउटा सही उत्तरमा ( लोकसेवा आयोगले तोके बमोजिम) चिन्ह लगाउने वा लेख्नु पर्नेछ । गलत उत्तर बापत प्रति गलत उत्तर २० प्रतिशतका दरले अंक घटाइनेछ ।

३. प्रथमपत्र र द्वितीयपत्रको परीक्षा फरक फरक हुनेछ ।

४. परीक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषा हुनेछ ।

५. सामान्यत: प्रत्येक इकाईबाट प्रश्नहरु सोधिनेछन् । प्रत्येक इकाईको अंकभार तोकिए बमोजिम हुनेछ । लामो उत्तर दिनुपर्ने प्रश्न एकै वा खण्ड खण्ड गरी (दुइ वा सो भन्दा बढी) सोध्न सकिनेछ ।

### प्रथमपत्र: सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (प्रशासन सेवा, तह-४ का सबै समूहका लागि)

#### १) सामान्यज्ञान :

१.१ नेपालको भूगोल र आर्थिक तथा सामाजिक कृयाकलाप: धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाईने हावापानीको किसिम र विशेषता, नदीनाला, तालतलैया, खनिज पदार्थ, यातायात, विद्युत, शीक्षा, स्वास्थ्य, संचार, कृषि, उद्योग, पर्यटन र व्यापार सम्बन्धि सामान्य जानकारी ।

१.२ नेपालको इतिहास: किरांतकाल, लिच्छविकाल, मल्लकाल र आधुनिक इतिहासका प्रमुख घटना सम्बन्धि सामान्य जानकारी

१.३ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था: प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत

१.४ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) सम्बन्धि सामान्य जानकारी

१.५ राष्ट्रिय महत्वका समसामयिक घटना तथा नविनतम गतिविधिहरु, खेलकुद, पूरस्कार, कला, साहित्य, संगित लगायत महत्वपुर्ण व्यक्तित्व सम्बन्धी जानकारी

१.६ नेपालको जलस्रोत, सौर्य उर्जा र जलविद्युत विकास

१.७ नेपाल विद्युत प्राधिकरण सम्बन्धि जानकारी: स्थापना, संगठन संरचना, संचालक समिति, प्राधिकरणका उत्पादन केन्द्र तथा प्रमुख आयोजनाहरु

#### २) सामान्य बौद्धिक परीक्षण:

शाव्दिक/अशाब्दिक तार्किक परीक्षण (Verble and Nonverbal reasoning test): शब्दज्ञान, अनुक्रम, वर्गीकरण, कोडिङ-डिकोडिङ, छोडिएका अक्षर/अंक/संकेत मिलाउने, दिशा र दूरी ज्ञान परीक्षण, तार्किक विश्लेषण, श्रेणीक्रम (पंक्तिक्रम), चित्र वा आकृति बनावट, मेट्रिक्स चित्र, भेन चित्र ।

#### ३) सामान्य गणित:

प्रतिशत, भिन्न, दशमलव, अनुपात, औषत, नाफा-नोक्सान, श्रेणीक्रम र ऐकिक नियम

#### ४) कम्प्युटर सम्बन्धि ज्ञान:

४.१ Word processing, Excel, Powerpoint, Internet सम्बन्धि सामान्य जानकारी

४.२ कम्प्युटरको उपयोग

**द्वितीयपत्र - सेवा सम्वन्धी (प्रशासन समूहका लागि)**

(क) विषयगत ज्ञान (६० अंक)

**१. विद्युत विकास, नेपाल विद्युत प्राधिकरण र सम्बद्ध निकायहरु सम्बन्धि जानकारी : (२ x५=१०, २ x१०=२०)**

१.१ नेपालमा जलविद्युतको सम्भाव्यता र विकास, हाल सम्मको विद्युत विकासमा विद्युत प्राधिकरण र निजी क्षेत्रको योगदान ।

१.२ विद्युत ग्राहककहरुको वर्गीकरण ।

१.३ जल तथा शक्ति आयोग, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोगका काम, कर्तव्य र अधिकार ।

**२. कार्यालय संचालन तथा व्यवस्थापन: (२ x५=१०, २ x१०=२०)**

२.१ पत्राचार तथा फाइलिङ्ग: पत्राचार, पत्रहरुको वर्गीकरण र फाइलिङ्ग प्रकृयाहरु, कर्मचारीको व्यक्तिगत फाइल सम्वन्धी अभिलेख प्रक्रिया ।

२.२ कार्यालयमा जनसम्पर्क र यसको महत्व, जनसम्पर्कमा रहने कर्मचारीमा हुनुपर्ने गुणहरु ।

२.३ टिप्पणी लेखन, सुपरिवेक्षण र मूल्यांङ्कनका प्रकृयाहरु ।

२.४ कार्यालयमा व्यवस्थापन सूचना प्रणाली (MIS) को आवश्यकता र महत्व ।

२.५ सामान्य प्रशासन र कर्मचारी प्रशासनको अर्थ, उद्देश्य र यी दुइ वीचको भिन्नता ।

२.६ उत्प्रेरणा र कार्यालयमा यसको महत्व ।

२.७ कार्यालयमा संचारको महत्व, संचारका उपकरणहरु (टेलिफोन, फ्याक्स, फोटोकपि आदि) को आवश्यकता र महत्व ।

२.७ शुशासनको अर्थ र महत्व ।

(ख) कानून सम्वन्धी ज्ञान (४० अंक)

१. **नेपाल विद्युत प्राधिकरण सम्बन्धि ऐन, कानून:** (४ x५=२०, १ x१०=१०)

१.१ नेपाल विद्युत प्राधिकरण ऐन, २०४१

(क) प्रस्तावना
(ख) परिभाषा
(ग) प्राधिकरणको स्थापना
(घ) संचालक समितिको गठन
(ङ) संचालकहरु
(च) संचालकको निमित्त अयोग्य हुने
(छ) संचालकलाई हटाउन सकिने
(ज) संचालकको रिक्त स्थानको पूर्ति
(झ) महाप्रवन्धक वा कार्यकारी निर्देशक उपर प्रतिवन्ध
(ञ) प्राधिकरणको काम कर्तव्य र अधिकार
(ट) विद्युत लाइन काट्न सकिने
(ठ) निर्देशन दिने अधिकार

१.२ नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा विनियमावली

(क) परिभाषा
(ख) नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था
(ग) बढुवा सम्वन्धी व्यवस्था
(घ) कार्यालय समय, हाजिरी र नियमितता
(ङ) विदा सम्वन्धी व्यवस्था
(च) अवकास, उपदान र निवृत्तिभरण सम्वन्धी व्यवस्था
(छ) आचरण सम्वन्धी व्यवस्था
(ज) विभागीय कारवाही सम्वन्धी व्यवस्था

१.३ विद्युत चोरी नियन्त्रण ऐन, २०५८

क) परिभाषा
(ख) कसुर गरेको मानिने
(ग) पुनरावलोकनको लागि निवेदन गर्न सक्ने
(घ) दण्ड सजाय
(ङ) चोरी गरी खपत गरेको विद्युत इकाईको निर्धारण गर्ने प्रकृया

१.४ विद्युत चोरी नियन्त्रण नियमावली, २०५९
- (क) विद्युत आपूर्ति वन्द गर्न सक्ने व्यवस्था
- (ख) पुनः विद्युत लाइन जडान गर्ने सम्वन्धी व्यवस्था
- (ग) पुरस्कार सम्वन्धी व्यवस्था

१.५ नेपाल विद्युत प्राधिकरणको प्रचलित आर्थिक प्रशासन विनियमावलीका देहायका परिच्छेद
- क) प्रारम्भिक (परिच्छेद १)
- ख) लेखा, लेखापरिक्षण र बेरुजु फछ्र्यौट (परिच्छेद ५)
- ग) सम्पत्तिको जिम्मा, लगत, संरक्षण र बरबुझारथ (परिच्छेद ६)

१.६ विद्युत वितरण विनियमावली, २०६९ को परिच्छेद ३ (मिटर जाँच तथा मिटर रिडिङ्ग सम्बन्धि व्यवस्था)

**२. नेपालको प्रचलित संविधान तथा अन्य सम्बद्ध कानून: <u>(१ x१०=१०)</u>**

२.१ नेपालको प्रचलित संविधान
- (क) प्रारम्भिक
- (ख) नागरिकता
- (ग) मौलिक हक र कर्तव्य ।
- (घ) राज्यको निर्देशक सिद्धान्त, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, राज्यको दायित्व ।
- (ङ) राज्यको संरचना र राज्यशक्तिको बांडफांड
- (च) संवैधानिक निकायहरु

२.२ भ्रष्टाचार निवारण ऐन, २०५९
- (क) प्रारम्भिक
- (ख) भ्रष्टाचारको कसुर र सजाय सम्वन्धी व्यवस्था

**<u>द्रष्टव्य:</u>** पाठ्यक्रममा राखिएका संविधान, ऐन, नियम र विनियमहरु परीक्षा हुनु भन्दा ३ महिना अगाडी सम्म संशोधन वा खारेज भई त्यसको सट्टा हाल प्रचलनमा रहेकालाई सोही अनुरुप पाठ्यक्रममा समावेश भएको मानिने छ ।

◆